## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २२ गते मंगलबार ❑ 6 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पर्यटकीय गन्तव्यबारे 'क्युआर कोड' बाट जानकारी पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

पर्यटन राजधानी मानिएको पोखराका विभिन्न २४ वटा पर्यटकीय गन्तव्यलाई 'क्युआर कोड'मा पढ्न र सुन्न पाइने भएको छ।

पोखरा आउने पर्यटकलाई यहाँका विभिन्न पर्यटकीय गन्तव्यबारे जान्न र बुझ्न सहयोग पुगोस् भन्ने उद्देश्यका साथ पोखरा पर्यटन परिषद्को संयोजनमा नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युनडिपी) को दिगो पर्यटन परियोजनाको सहयोग र साराङ डिजिटलको प्राविधिक सहयोगमा यस्तो व्यवस्था गरिएको हो।

यो व्यवस्थासँगै पोखराका रत्न मन्दिर, रुपा ताल, सराङकोट, काहुँडाँडा, हरिहर गुफा, भद्रकाली, शीतलादेवी, राम मन्दिर, रामघाट, कवि शिरोमणि लेखनाथ सङ्ग्रहालय, सीता गुफा, लक्ष्मीनारायण नारायणस्थान, श्री गणेश भद्रकाली मन्दिर, काहुँ धरहरा, अकलादेवी मन्दिर, शीतलादेवी मन्दिरलगायत गन्तव्यबारे 'क्युआर कोड' 'स्क्यान' गरेर पढ्न र सुन्न पाइने भएको छ। यसले पोखराका प्रमुख पर्यटकीय गन्तव्यबारे जान्न र बुझ्नका लागि यहाँ आउने पर्यटकलाई ठूलो सहयोग पुग्ने विश्वास लिइएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो।

उहाँका अनुसार क्युआरमार्फत पर्यटकीय गन्तव्यका सम्बन्धमा अरेविक, चाइनिज, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, इटालियन, जापानी, कोरियन, रसियन र स्पेनिश गरी ११ भाषामा पढ्न पाइने छ। यसैगरी अङ्ग्रेजी, हिन्दी, चिनियाँ, फ्रान्सेली र नेपाली भाषामा पर्यटकीय गन्तव्यबारे जानकारी सुन्न पाइने व्यवस्था मिलाइएको छ।

प्रत्येक गन्तव्यमा दुईवटा क्युआर कोडसहितको बोड राखिएको छ। बोर्डमा रहेको एउटा कोड स्क्यान गर्दा सम्बन्धित गन्तव्य र अर्को कोडमा पोखराका घुम्नै पर्ने अन्य गन्तव्यबारे जानकारी पाउन सकिने परिषद्का महासचिव जीवनराज सापकोटाले जानकारी दिनुभयो।

## प्रदेश सरकार खेलकुद विकासमा लागिपरेको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
लमजुङ, २१ पुस



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकार खेलकुद क्षेत्रलाई प्राथमिकता राख्दै यसको विकासमा लागिपरेको बताउनुभएको छ।

त्रिवेणी युवा क्लब बैंसीसहरको आयोजनामा सोमबारदेखि बैंसीसहरनगरपालिका वडा नं ७ सहजीमा आयोजित ३३ औं त्रिवेणी कपको समापन कार्यक्रममा उहाँले खेलकुद क्षेत्रको विकासका लागि निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

त्यस्तै गण्डकी प्रदेश खेलकुदका लागि राम्रो रहेको र यस्ता खेलकुद आयोजनाले पर्यटन विकासमा सहयोग पुऱ्याउने तथा स्थानीयको आम्दानी बढ्ने उहाँको भनाइ छ।

त्यस्तै लमजुङको सहजी खेलमैदान व्यवस्थित गर्नका लागि प्रदेश सरकारले बजेट उपलब्ध गराउने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "पछिल्लो समयमा युवा पुस्ताले सामाजिक सञ्जालदेखि अन्य ठाउँमा मनलाग्दी बोल्दा समाजमा नकारात्मक असर पर्छ, होस पुऱ्याएर मात्र युवाले विषयवस्तु तयार गर्नुपर्छ।"

कार्यक्रममा प्रदेशका वनमन्त्री भेषबहादुर पौडेल, प्रदेशसभा सदस्य पार्वती तामाङ, बेसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्याल, सविधानसभा सदस्य जमिन्द्रमान घले लगायत सहभागिता रहेको थियो।

## गोरखा–काठमाडौँ एकीकरण पदयात्रा सुरु

**पोखरापत्र संवाददाता**
गोरखा, २१ पुस

नेपाल एकीकरण अभियानमा प्रयोग भएको पदमार्गमा पर्यटन विकास गर्ने उद्देश्यले नेपाली सेनाले सुरु गरेको एकीकरण पदयात्राको सातौँ शृङ्खला आजदेखि सुरु भएको छ।

यही पुस २७ गते काठमाडौँको हनुमानढोका दरबारसम्म पुग्नेगरी आज बिहान गोरखा दरबारको हनुमान भञ्ज्याङबाट पदयात्रा सुरु भएको हो। पदयात्राको जिल्ला समन्वय समितिका प्रमुख मोहन थापा, गोरखा नगरपालिकाका प्रमुख कृष्ण राना मगर, नेपाली सेनाका पृतनापछि भोलानाथ थापा, गोरखाका प्रमुख जिल्ला अधिकारी तुलसी श्रेष्ठलगायतले शुभारम्भ गर्नुभयो।



नेपाली सेनाको गोरखास्थित रुद्रध्वज गणका अधिकृत कमान्डसहितको टोलीलाई टर्च र नेपाली सेनाको पहिलो पाँच कम्पनी श्रीनाथ, कालिबक्स, पुरानो गोरख, बर्दबहादुर र सबुज गणको झन्डा प्रदान गरी पदयात्राको शुभारम्भ गरिएको सो गणका गणपति विरोध रिजालले जानकारी दिनुभयो। उहाँहरूलाई गोरखा दरबार परिसरमा एक कार्यक्रममा टर्च र झन्डा हस्तान्तरण गरेर बिदाइ गरिएको थियो।

पदयात्रामा निस्किएको टोली सोमबार पीपलथोक, ताप्ले, अश्राङ, बोर्लाङ हुँदै घाटबेंसी पुगेर धादिङको नेपाली सेनाको पदयात्री टोलीलाई टर्च र झन्डा बुझाउने छ। धादिङको गणले नुवकोटको गणलाई र नुवाकोटले काठमाडौँको गणलाई यात्रा हस्तान्तरण गर्नेछ।

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा पुस २७ गते हनुमानढोका दरबारमा आयोजना हुने कार्यक्रमका लागि सो टोली पुस २६ साँझसम्म हनुमानढोकास्थित गुल्मलाई टर्च र झन्डा हस्तान्तरण कार्यक्रम छ। ३०४औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउने क्रममा गोरखाबाट पदयात्रा सुरु गरिएको नेपाली सेनाले जनाएको छ।

एकीकरण मार्गमा रहेको ऐतिहासिक स्मारक, कोट र गढी संरक्षण, प्रचारप्रसार तथा विकास गर्ने उद्देश्यले २०७६ सालदेखि नेपाली सेनाले सो पदयात्रा सुरु गरेको हो।

## रास्वपाको बृहत् राजनीतिक समायोजन घोषणासभा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नागरिक उन्मुक्ति पार्टीका पूर्वनेतृत्व र थरुहट/थारुवान अभियन्ताबीच समायोजन भएको छ।

सोमबार यहाँ आयोजित रास्वपाको राजनीतिक समायोजन घोषणासभामा उहाँहरूबीच नौ बुँदे सहमतिसहित राजनीतिक समायोजन भएको हो।

सहमतिपत्रमा रास्वपाका उपसभापति डोलप्रसाद अर्याल, नागरिक उन्मुक्ति पार्टीका पूर्ववरिष्ठ उपाध्यक्ष दामोदर पण्डित, थरुहट/थारुवान अभियानका तर्फबाट लक्ष्मण थारु तथा प्रतिनिधिका रूपमा सुरेन्द्र चौधरीले हस्ताक्षर गर्नुभयो। सहमतिपत्रमा थारु समुदायको धार्मिक तथा सांस्कृतिक प्रणालीको संरक्षण र प्रवर्द्धनका लागि थारु बहुल क्षेत्रलाई थारु संरक्षित 'विशेष क्षेत्र' घोषणा गर्न कानुनी एवं संवैधानिक प्रक्रिया प्रारम्भ गर्ने उल्लेख छ। 'टीकापुर घटना'लाई राजनीतिक घटनाका रूपमा स्वीकार गर्दै रास्वपाको नेतृत्वमा सङ्घीय सरकार गठन भएपछि शान्ति सुरक्षासँग सम्बन्धित सबै उच्चस्तरीय आयोगका सिफारिसहरूको उचित कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ। निजामती सेवा, न्यायिक क्षेत्र, प्रहरीलगायत सबै सरकारी सेवामा आरक्षित वर्गका लागि तोकिएको अनुपातअनुसार थारु समुदायको आरक्षण पूर्ण रूपमा लागू गर्ने पनि सहमति भएको छ। भूगोल, जनसङ्ख्या, क्षमता र सांस्कृतिक पहिचानका आधारमा प्रादेशिक सुशासनका विविध आयाममा सर्वदलीय राजनीतिक सहमति जुटाउन पहल गर्ने सहमतिमा भनिएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## श्रीमान बेपत्ता भएको १९ वर्षपछि तीन सन्तानले पाए आमाको नामबाट नागरिकता

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

श्रीमान बेपत्ता भएको १९ वर्षपछि कास्कीकी एक महिलाका तीन जना छोराछोरीले आमाको नामबाट नागरिकता प्राप्त गर्नु भएको छ।

जिल्ला प्रशासन कार्यालय कास्कीको अन्नपूर्ण गाउँपालिका ८ दाङसिङ निवासी करिब ३८ वर्षीया निरुता नेपालीका दुई छोरा र एक छोरीलाई नागरिकता प्रदान गरेको हो। निरुताका श्रीमान विगत १९ वर्षदेखि सम्पर्कविहीन रहेकाले उहाँका छोराछोरीले लामो समयदेखि नागरिकता नपाएर अनेक समस्या झेल्दै आउनु परेको गुनासो सहित आवश्यक काजपत्र सहित नागरिकता बनाउन आए पछि प्रशासनले नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो। वडा कार्यालय हुदै प्रहरीबाट पत्र समेत आएकोले त्यसका आधारमा निरुता परिवारका ३ जनालाई एकै साथ नागरिकता प्रदान गरिएको उहाँले जनाउनु भयो।

जिल्ला प्रशासन कार्यालय कास्कीले २९ वर्षका सुजन नेपाली, २६ वर्षका दिनेश नेपाली र २१ वर्षीया सुस्मिता नेपालीलाई नागरिकता प्रदान गरेको हो। मजदुरी गर्ने क्रममा २०५३ सालमा खोटाङका विक्रम राईसँग निरुताको १४ वर्षकै उमेरमा विवाह भएको थियो। विवाह भएको एक वर्षमै जेठो छोराको जन्म भएको थियो भने छोरी सुस्मिता डेढ वर्षकी हुँदादेखि नै श्रीमान सम्पर्कविहीन भएको निरुताले गुनासो गर्नुभयो। त्यसयता उहाँले दुःख-सुख सहँदै एक्लै चार जना सन्तान हुर्काउनु भएको हो। आर्थिक अभावका कारण छोराछोरीलाई चाहेजस्तो शिक्षा दिन नसके पनि राम्रो रोजगारका लागि विदेश पठाउने चाहना रहेको निरुताले बताउनु भयो। त्यसका लागि नागरिकता अत्यावश्यक भएकाले बनाउने प्रयास थालेको उहाँको भनाइ छ।

दुई महिनाको अथक प्रयासपछि अन्ततः छोराछोरीले नागरिकता पाएपछि निरुताले खुसी व्यक्त गर्नुभयो। "अब मेरा छोराछोरीले आफ्नो भविष्यका लागि केही गर्न सक्ने बाटो खुलेको छ," उहाँले भन्नुभयो। नागरिकता नहुँदा घरमा पटक-पटक झैझगडा हुने गरेको स्मरण गर्दै निरुताले अब बैंक खाता खोल्न, काम गर्न र विदेश जान पासपोर्ट बनाउन सहज हुने सुनाउनु भयो। निरुतालाई उहाँका छोराछोरीले अब आमालाई दुःख नदिई पालनपोषण गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भएको छ। उहाँकी जेठी छोरी अन्जना नेपाली भने भारतमा आफन्तसंग बस्दै आउनु भएको छ। निरुताले आफ्नो विवाह दर्ता समेत गर्नु भएको थिएन्। यसैबीच, अन्नपूर्ण गाउँपालिकामा गत मंसिर १२ गते सञ्चालित स्थानीय तहमा शान्ति सुरक्षा, अपराध नियन्त्रण र सेवा प्रवाह सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रममा निरुता नेपालीले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा समक्ष हाल सम्म सन्तानको जन्मदर्ता प्रमाणपत्र नपाएको गुनासो गर्नु भएको थियो। नेपाली नागरिकता प्रमाणपत्र प्राप्तिमा समस्या भएको विषय उठान भए पश्चात सम्बन्धित स्थानीय तहहरुसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयको सहजीकरणमा जन्मदर्ता गराई आमाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र प्रदान गरीएको हो।

## 'पूर्वप्रधानमन्त्री ओलीमाथि लगाइएको स्थान हद फुकुवा'

**रासस**
काठमाडौं, २१ पुस

पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीमाथि लगाइएको स्थान हद फुकुवा गरिएको छ।

गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी छानविन गर्न गठित जाँजबुझ आयोगले पूर्वप्रधानमन्त्री ओलीमाथि लगाइएको विदेश भ्रमणमा रोक लगाउने र स्वीकृतबेगर काठमाडौं उपत्यका छाडन नपाउने व्यवस्था


बाँकी अन्तिम पृष्ठमा ▶▶

# रोटरी लेकसाइडको लेकसाइडदेखि रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

पोखरा रोटरी क्लब अफ पोखरा लेकसाइडले चार्टर डे अवसरमा रक्तदान कार्यक्रम गरेको छ । पोखराको लेकसाइडस्थित हल्लनचोकमा सोमबार आयोजित कार्यक्रमको रोटरीका डिष्ट्रिक्ट गभर्नर विनोद कोइरालाले उद्घाटन गरेका थिए।

पहिलो रक्तदाता क्लबका पूर्व अध्यक्ष उपेन्द्र अधिकारी र उनी पत्नी कृतिका सुवेदी अधिकारीलाई ब्लड ब्याग हस्तान्तरण गरी उद्घाटन गरिएको हो । सो अवसरमा गभर्नर कोइरालाले रक्तदान कार्यक्रम पुण्यको काम भएको उल्लेख गर्दै क्लबले चार्टर डे अवसरमा रक्तदान कार्यक्रम सुरुआत गरेकोमा खुसी व्यक्त गरे । यसैगरी सामाजिक सेवामा रोटरी इन्टरनेशनल सदा



सक्रिय रहँदैआएको उनको भनाइ थियो । रोटरीका डिष्ट्रिक्ट सेक्रेटरी सुभाष सिग्देलले मानिसले मरेपछि खाली हात नै जाने भएकाले जीवित छँदै पुण्यको काम गर्नुपर्ने सुझाव दिए । उनका अनुसार मानिसले अरुलाई विस्डम, नलेज र स्कील (बुद्धि, ज्ञान र सीप) बाँड्नुपर्छ।

क्लब अध्यक्ष राजेन्द्र लिगलले रोटरीको नाम 'लेकसाइड' रहेको हुँदा पोखराको प्रमुख पर्यटकीयस्थल लेकसाइडदेखि नै रक्तदान आयोजना गरिएको र आगामी वर्षमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । क्लबका पब्लिक इमेज चेयर एवं कार्यक्रम संयोजक कृष्ण थापाको संयोजकत्वमा भएको उक्त कार्यक्रममा पोखरा घुम्न आएका आन्तरिक एवं बाह्य पर्यटकले समेत रक्तदान गरेका थिए।

जसमा ३० युनिट रगत संकलन भएको क्लबका एडि्मन चेयर कुलप्रसाद सुवेदीले जानकारी दिए। सोही अवसरमा कार्यक्रम संयोजक कृष्ण थापाले गरेको रक्तदान ८४ औं पल्टको थियो । १८ देखि ६५ वर्षका स्वस्थ मानिसले हरेक ३ महिनामा रक्तदान गर्न सकिने उनको भनाइ छ । साथै मानिसको तौल ४५ किलोभन्दा बढी हुनुपर्छ । कार्यक्रममा क्लबका पूर्व अध्यक्ष अर्जुन खनाल, पत्रकार आरजु विष्ट सल्यानीले रक्तदानको महत्वमाथि प्रकाश पारेका थिए। कार्यक्रममा स्वागत कार्यक्रम संयोजक थापा र सञ्चालन एडि्मन चेयर कुलप्रसाद सुवेदीले गरे । कार्यक्रममा क्लबका पूर्व अध्यक्षहरु डा. वीरबहादुर कार्की, शोभाकान्त सिग्देल, सामुदायिक केन्द्र बैदामका अध्यक्ष ठाकुर बरालसमेतको उपस्थिति थियो ।

सो अवसरमा रक्तसञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहेको केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले बताए। ११ औं चार्टर डे मनाएको क्लबमा हाल ३१ जना रोटरियन रहेको क्लब अध्यक्ष लिगलले बताए।

# आईसीसी टी-ट्वान्टी विश्वकप ट्रफी टुर हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

खेलकुदको शहर पोखरामा मंगलबार आईसीसी टी-ट्वान्टी विश्वकप ट्रफी टुर हुने भएको छ। विश्वकप ट्रफी पोखराका विभिन्न प्रमुख स्थानमा परिक्रमा गरिने कार्यक्रम तय गरिएको गण्डकी प्रादेशिक क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले जानकारी दिनुभयो।

मंगलबार बिहान ८:३० बजे पोखरा अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा ट्रफी सार्वजनिक गरिने भएको उहाँले जनाउनु भयो । त्यसपछि बिहान ९:३० देखि १० :३० बजेसम्म पोखराका विभिन्न चोक हुँदै ट्रफी टुर सञ्चालन हुनेछ। सो अवधिमा लेकसाइड, महेन्द्रपुल, चिप्लेढुंगा, पृथ्वीचोक लगायतका स्थानमा क्रिकेटप्रेमीले ट्रफीसँग तस्बिर खिच्ने अवसर पाउनेछन् । ट्रफी टुर कार्यक्रम पोखराका मुख्य चोक तथा पर्यटकीय क्षेत्र हुँदै सार्वजनिक प्रदर्शनका लागि लैजाने भएको अध्यक्ष सिग्देले जनाउनु भयो । बिहान ११ बजेदेखि १२ बजेसम्म पोखराको एक होटलमा ट्रफी प्रदर्शन तथा विशेष कार्यक्रम आयोजना गरिनेछ । त्यसपछि दिउँसो २ बजे ट्रफी पोखराबाट काठमाडौंतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको संघले जनाएको छ ।

आईसीसी टी-ट्वान्टी विश्वकप ट्रफी टुरका क्रममा सुरक्षा व्यवस्थालाई विशेष ध्यान दिइएको संघले जनाएको छ। ट्रफी टुरका क्रममा सर्वसाधारण, खेलप्रेमी तथा सञ्चारकर्मीको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको अध्यक्ष सिग्देलले बताउनुभयो । विश्व क्रिकेटको प्रतिष्ठित ट्रफी पोखरामा ल्याइनु आफैंमा गौरवको विषय भएको उल्लेख गर्दै अध्यक्ष सिग्देलले यसले गण्डकी प्रदेशमा क्रिकेटप्रति उत्साह थप्ने विश्वास व्यक्त गर्नुभयो। पोखरामा खेलकुद प्रति क्रेज बढाउन पनि यस्ता कार्यक्रमले थप टेवा पुग्ने उहाँले जनाउनु भयो।

# हेड्स नेपाल गण्डकीको विपन्न तथा गरिब विद्यार्थीलाई सहयोग

पोखरापत्र संवाददाता
गण्डकी, २१ पुस

परोपकारी संस्था हेड्स नेपालले गण्डकी प्रदेश अभियान सञ्चालन गरेको छ।

जसमा गण्डकी प्रदेशका जिल्लामा रहेका गरिब तथा विपन्न परिवारमा रहेका विद्यार्थीहरूलाई कपडा, झोला लगायतका शैक्षिक सामाग्री सहयोग गरिरहेको छ । संस्थाले पुस महिनामा मात्र तनहुँ, लमजुङ, म्याग्दी, बागलुङ जिल्लाका भौगोलिक रूपमा विकट क्षेत्रमा रहेका गरिब तथा विपन्न परिवारमा रहेका विद्यार्थीहरूलाई कपडा, स्कूल ब्याग, कपी लगायतका शैक्षिक तथा खेलकुद सामग्रीहरू सहयोग गरेको हो।



यस वर्षभित्र गण्डकीका सबै जिल्लामा सहयोगका कार्यक्रम सञ्चालन गरिने हेड्स नेपाल गण्डकीका अध्यक्ष सन्तबहादुर विश्वकर्माले जानकारी दिए । स्वास्थ्य, शिक्षा, कृषि लगायत समाज विकासका विविध क्षेत्रमा जनहितका कार्यक्रम सञ्चालन गर्दै आएको मुनाफारहित परोपकारी संस्था हेड्स नेपालले विपद् तथा मानवीय संकटका बेला पनि सेवा र सहयोग प्रदान गर्दै आएको हेड्स नेपालका संस्थापक प्रताप राज वन्तले बताए । वन्तका अनुसार वि.सं. २०५० सालमा स्थापना भएको संस्थामा देशभर १० हजारभन्दा बढी साधारण सदस्य, एक हजारभन्दा बढी आजीवन सदस्य तथा दर्जनौं श्रेयस्कर सदस्य आबद्ध छन् । साथै, अस्ट्रेलिया, जापानलगायत विभिन्न मुलुकमा समेत संस्थाको विस्तार रहेको उनले जानकारी दिए । स्वास्थ्य, शिक्षा, कृषि, विपद् व्यवस्थापन तथा विकासको क्षेत्रमा सक्रिय रहँदै मौलिकपनको जगेर्ना र सामाजिक-आर्थिक रूपान्तरणमा सहयोग पुऱ्याउने लक्ष्यसहित संस्था ३३ वर्षदेखि निरन्तर क्रियाशील रहेको हेड्स नेपालले जनाएको छ।

# एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको सचिवालय उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २१ पुस

एनएसजेएफ पल्सर स्पोर्टस अवार्ड २०८१ को सचिवालय उद्घाटन भएको छ । सोमबार ' म्याजेस्टीक लेक फ्रन्ट'मा २२ औं संस्करणको अवार्डको लागि सचिवालय स्थापनासहित उद्घाटनमा आएको हो।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले सचिवालयको औपचारिक उद्घाटन गरेका थिए। कार्यक्रममा आयोजक नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) अध्यक्ष निरञ्जन अधिकारी तथा एनएसजेएफ गण्डकी अध्यक्ष एमबी आस्थाको सहभागिता रहेको थियो । प्रमुख प्रशासकीय अधिकृत अर्यालले पहिलो पटक काठमाडौं बाहिर हुन लागेको अवार्ड भव्यरुपमा सफल



पार्न शुभकामना दिएका छन् । ' पहिलो पटक एनएसजेएफ पल्सर स्पोर्टस अवार्ड काठमाडौं बाहिर हुँदैछ। यो अवार्ड भव्यरुपमा सम्पन्न गर्न शुभकामना छ,' अर्यालले भने।

काठमाडौं बाहिर पहिलोपटक आयोजना हुन लागेको अवार्डमा पोखरा महानगरपालिका प्रवर्धकका रुपमा छ। एनएसजेएफले स्पोर्टस अवार्डसँगै स्पोर्टस समिटको पनि आयोजना गर्दैछ । उक्त समिट अवार्डको अघिल्लो दिन पुस २२ गते हुनेछ । अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुपको निरन्तरता कायमै छ भने पावर्ड बाईमा यती एयरलाइन्सको साथ थपिएको छ । स्पोट्स अवार्डको भोटिङ पार्टनरमा खल्ती र पोसाक पार्टनरमा केल्मी नेपाल रहेका छन्।

एनएसजेएफ पल्सर स्पोट्स अवार्ड २०८१ मा विगतमा जस्तै १० विधामा अवार्ड प्रदान गरिनेछ । त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड रहेका छन्।

खेलाडीलाई जनमतबाट विजेता बनाउने विधाको रूपमा रहेको पिपल्स च्वाइसको मनोनयन सार्वजनिक भइसकेको छ । मनोनयनमा परेका खेलाडी विजय सिन्जाली (उसु), इभाना थापा (टेबलटेनिस), हिमाल सुनारी (भलिबल), पूजा महतो (क्रिकेट) र रेखा पौडेल(फुटबल) का लागि सामाजिक सञ्जालमा व्यापक चर्चासँगै डिजिटल वालेट खल्ती आईएमई एपमार्फत भोटिङ भइरहेको छ।

## पूर्व प्रधानपञ्च ...

हटाएको हो। आयोगको सोमबार बसेको बैठकले सो निर्णय गरेको हो। आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले उक्त घटनाका सम्बन्धमा प्रधानमन्त्रीको हैसियतले उहाँले गरेका काम कारबाही सम्बन्धमा सोधपुछ गर्ने काम सम्पन्न भएकाले स्थान हद फुकुवा गरिएको जानकारी दिनुभयो । "भदौ २३ र २४ गतेका घटनाहरूको छानबिन तथा जाँचबुझको सिलसिलामा अनुसन्धानको दायरामा रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई विदेश भ्रमणमा रोक लगाउने र आयोगको स्वीकृति बेगर काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्था गर्न असोज १२ गतेको बैठकबाट निर्णय गरिएको थियो", आयोगको निर्णयमा भनिएको छ, "ती घटनाका सम्बन्धमा प्रधानमन्त्रीको हैसियतले उहाँले गरेका काम कारबाही सम्बन्धमा यस आयोगबाट उहाँसँग सोधपुछलगायत बुझ्ने कार्य सम्पन्न भइसकेकाले उहाँको विदेश भ्रमण र उपत्यका छाड्न नपाउने निर्णयको औचित्य समाप्त भएकाले फुकुवा गरिएको छ।" आयोगको टोलीले बयान लिने क्रममा आइतबार गुण्डुस्थित अध्यक्ष ओलीको निवासमा पुगेको थियो। आयोगको टोलीलाई अध्यक्ष ओलीले लिखित बयान बुझाउनुभएको थियो । यसअघि, आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिइसकेको छ । प्रवक्ता शर्माका अनुसार चार सुरक्षा निकायका प्रमुखसँग, जिल्ला प्रशासन कार्यालयका प्रमुख लगायतका व्यक्तिसँग बयान लिने काम गरिसकेको छ । "बयान लिने काम लगभग सकियो, आयोगले तीव्ररूपमा काम गरिरहेको छ", प्रवक्ता शर्माले भन्नुभयो, "जेनजी आन्दोलनमा प्रत्यक्ष सरोकार भएका र अन्य सम्बन्धित व्यक्तिहरूसँग भेटेर विवरण लिने काम भएको छ।" आयोगको कार्यदेशअनुसार तीन महिनाको अवधि सकिएपछि एक महिनाका लागि थप गरिएको छ।

# लक्ष्मी माविमा दुई करोडको लागतमा पुस्तकालय भवन निर्माण हुने

पोखरापत्र संवाददाता
गण्डकी, २१ पुस

पोखरा महानगरपालिका वडा नं. २६ को लक्ष्मी माध्यामिक विद्यालयमा झण्डै दुई करोड रुपैयाको लागतमा पुस्तकालय भवन निर्माण हुने भएको छ।

लायन्स क्लव इन्टरनेशनलको अनुदान, विद्यालय र स्थानीय सहयोगमा पुस्तकालय भवनको निर्माण हुन लागेको हो। भवनको सोमबार शिलन्यास गर्दै, पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाले, पुस्तकालयको निर्माणपछि विद्यार्थी, शिक्षक र समुदायको शैक्षिक गुणस्तर सुधारका लागि कोशे ढुंगा सावित हुने उल्लेख गर्नु भयो।

वडा अध्यक्ष थापाले पूर्व विद्यार्थीहरुको सहयोगले सामुदायीक विद्यालयको सुधारमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । उहाँले पूर्व विद्यार्थीहरु जो जहाँ भएपनि आफु पढेको विद्यालयले आफुलाई दिएको शिक्षाको स्मरण गरेमात्र ठुलो सहयोग मिल्ने उल्लेख गर्नु भयो। पुस्तकालय निर्माणपछि त्यसमा आवश्यक पाठ्य तथा सूचना प्रविधिका सामाग्रीका लागि सहयोग गर्न पूर्व विद्यार्थीहरुलाई




आब्हान गर्नु भयो। कार्यक्रममा लायन्स क्लव अफ इन्टरनेशनल ३२५ आईका निर्वतमान गर्भर विनोद ढुंगानाले आफुले अध्ययन गरेको विद्यालयमा लायन्स क्लव मार्फत जोडिन पाउँदा खुसी लागेको बताउनु भयो । उहाँले आफु डिस्ट्रीक गर्भनर हुँदा परिकल्पना गरेको कार्यक्रम लायन्सको अन्तराष्ट्रिय फण्ड मार्फत संभव भएको स्पष्ट पार्नु भयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खेम बहादुर गुरुङको अध्यक्षतामा भएको भवन सिलन्यास कार्यक्रममा विद्यालयका प्रधानाध्यापक जगन्नाथ अधिकारी र निर्माण व्यवसायी भक्त बहादुर बानियाले निर्धारित समयमा काम सकिनेमा विश्वस्त रहन आग्रह गर्नु भयो।

लायन्स क्लव इन्टरनेशनल ३२५आई मार्फत प्राप्त परियोजनाको लागत एक करोड ९७ लाख रुपैया रहेको छ। भवन निर्माणका लागि लायन्स फाउण्डेसनबाट एकलाख अमेरिकी डलर अनुदान प्राप्त भएको छभने बाँकी रकम विद्यालय र स्थानीय सहयोगदाताले जुटाउने विद्यालयका प्रधानाध्यापक अधिकारीले जानकारी दिनु भयो। भवन टिम वान कन्स्ट्रक्सन कम्पनीले आठ महिनामा सम्पन्न गरी विद्यालयलाई हस्तान्तरण गर्नेछ । भवन निर्माणका लागि लायन्स क्लव अफ पोखरा अर्घौले समन्वय गरेको निर्वतमान गर्भनर ढुंगानाले जानकारी दिए।

भवन सिलन्यास कार्यक्रममा लायन्स क्लव इन्टरनेशनल ३२५ आई का लिडर, विद्यालयका शिक्षक, कर्मचारी, स्थानीय समाजसेवी, शिक्षाप्रेमी, जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं।

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
- गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
- झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
- सबै वर्ग र समूदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
- उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा भगन्दर सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# सामाजिक र धार्मिक सद्भाव कायम राखौं

टिकटकबाट सुरु भएको विवाद बढ्दै गएपछि धार्मिक, समाजिक द्वन्द्वको खतरा निम्तिएको छ । केही दिनअघि धनुषा जिल्लाको जनकपुर क्षेत्रमा हैदर अन्सारी र अमानत अन्सारी नामका दुई युवाले एउटा विवादस्पद भिडियो टिकटकमा अपलोड गरेका थिए । उक्त भिडियोले धार्मिक सहिष्णुता बिगारेको भन्दै स्थानीयले दुवै युवालाई नियन्त्रणमा लिएर प्रहरीलाई जिम्मा लगाएका थिए । यस विषयमा इलाका प्रहरी कार्यालय, खजुरीमा छलफल भइरहँदा पक्राउको विरोध गर्ने र पक्राउको समर्थन समूहबीच झडप भएको थियो । अहिले त्यही भिडियो मधेस प्रदेशमा दुई समुदायको बीचमा तनाव बढाएको छ ।

पर्सा लगायतका जिल्लामा पछिल्लो केही दिनयता धार्मिक तथा सामाजिक विवादका कारण उत्पन्न भएका कारण तनावको स्थिति सिर्जना भएको छ । तनाव बढ्दै गएपछि पर्सा प्रशासनले सोमबार साँझ ६ बजेदेखि लागू हुनेगरि वीरगञ्जमा कर्फ्यू लगाएको छ। मधेस प्रदेशका अन्य जिल्लामा पनि त्यही स्थिति आउने हो कि भन्ने तनाव बढेको छ । विभिन्न ३ आयोगले मेधसमा हालै भइरहेको समाजिक सद्भाव विथोलीने खालका कार्यक्रम नगर्न आग्रह गरेका छन्। सामेबार ती अयोगले संयुक्त विज्ञप्ति जारी गर्दै सबै धार्मिक सम्प्रदायबीच आपसी सद्भाव र मैत्री कायम गर्न आग्रह गरेका छन । 'नेपाली समाज सदियौंदेखि आपसी सद्भाव, सहिष्णुता र एक अर्काप्रति सम्मान कायम गर्दै विभिन्न जातजाति, भाषाभाषी, संस्कृति, धर्म एवं सम्प्रदाय एक आपसमा मिलेर बसेको समाज हो,'। विभिन्न समयमा सामाजिक सद्भाव बिथोल्न खोज्ने काम नभएका होइनन् । तर यहाँका सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रका अगुवाहरूले सामाजिक र धार्मिक सद्भाव कायम राख्न गरेको पहलले गर्दा रोकिएका थिए । अहिले फेरि समाजका अगुवाहरुले अपिल गरेका छन ।

केही समययता तराई मधेशका केही स्थानहरुमा धार्मिक सहिष्णुतामा खलल पार्ने क्रियाकलाप देखिएकोले सबै धार्मिक सम्प्रदायबीच आपसी सद्भाव र मैत्री कायम गर्न सम्बद्ध सबैमा संयुक्तरुपमा हार्दिक अपील गरेका छन । यस्तो अपिल गर्नेमा मधेसी आयोग, थारु आयोग र मुस्लि आयोगका पदाधिकारी छन् । यस्तै अपिल मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादवले पनि गरिसकेका छन।राजनीतिक दल र स्थानीय सरकारले पनि सामाजिक सद्भाव राख्न अपिल गरेका छन । यो समुदाय तहबाट पहल हुनु आवश्यक छ ।

गृह मन्त्रालयले पछिल्लो समय तराई तथा मधेशका केही जिल्लाहरूमा धार्मिक सहिष्णुता र सामाजिक सद्भावमा आँच पुर्‍याउने गतिविधि बढिरहेको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । मन्त्रालयले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालमार्फत द्वेषपूर्ण र भ्रामक अभिव्यक्ति फैलाउने तथा सार्वजनिक शान्ति सुव्यवस्थामा खलल पुर्‍याउने जोकोहीलाई कानुनी दायरामा ल्याइने चेतावनी दिएको छ । मन्त्रालयको विज्ञप्तिमा विशेष गरी धनुषा जिल्लाका विभिन्न स्थानमा सामाजिक सञ्जालको दुरुपयोग गरी निश्चित समुदाय र धर्म लक्षित अवैधानिक गतिविधि गर्ने, धार्मिक स्थलमा तोडफोड, आगजनी, लुटपाट र हिंसात्मक द्वेष फैलाउने कार्य भइरहेको उल्लेख छ। यस्ता गतिविधिमा संलग्न व्यक्ति तथा समूहलाई पहिचान गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइसकिएको मन्त्रालयले स्पष्ट पारेको छ ।

धार्मिक र सामाजिक क्षेत्रमा देखिएका यी चुनौतीहरूलाई मध्यनजर गर्दै गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा पुस २० र २१ गते उच्चस्तरीय बैठकहरू सम्पन्न भएका छन् । बैठकमा केन्द्रीय सुरक्षा समिति, विभिन्न समुदायका प्रतिनिधिहरू तथा तराई र मधेशका २१ जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूसँग विस्तृत छलफल गरिएको छ । बैठकले शान्ति सुरक्षा कायम गर्न र धार्मिक सहिष्णुता जोगाउन सबै पक्षलाई संयमता र सतर्कता अपनाउन आग्रह गरेको छ। सामाजिक मर्यादा र सार्वजनिक शान्तिमा खलल पुग्ने कुनै पनि खालका भ्रामक प्रचारप्रसार नगर्न र नगराउन मन्त्रालयले सम्पूर्ण नागरिकहरूमा अपिल गरेको छ । नागरिक अगुवाहरूले सबैलाई साथमा लिएर सामाजिक र धार्मिक सद्भाव कायम राख्न शान्ति र सद्भाव पदयात्रा निकालेर जनतामा सकारात्मक सन्देश दिनु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# टी–२० विश्वकपको ट्रफी नेपालमा

**रासस**
काठमाडौं, २१ पुस

राष्ट्रपति रामचन्द्र पौडेलले टी-२० विश्वकपको ट्रफी नेपाल आउनु देशका लागि गौरवपूर्ण क्षण भएको बताउनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा आज आयोजित विश्वकप ट्रफी सार्वजनिकीकरण समारोहमा उहाँले यस ऐतिहासिक अवसरले नेपाल विश्व क्रिकेटको केन्द्रतर्फ अग्रसर भइरहेको सन्देश विश्वभर फैलाएको धारणा व्यक्त गर्नुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "नेपाल आज खेलप्रेमी राष्ट्रको रूपमा सशक्त रूपमा स्थापित हुँदै गएको छ । क्रिकेटले देशलाई एकतामा बाँध्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ, यसको व्यावसायिक विकाससँगै खेल क्षेत्रमार्फत नेपाली युवाको उज्ज्वल भविष्य निर्माण हुने आधारसमेत सुदृढ बन्दै गएको छ।" उहाँले खेल क्षेत्रमा आवश्यक संरचना, अवसर र सम्भावनाहरू क्रमशः विकास हुँदै जानु नेपालका लागि सकारात्मक सङ्केत भएको धारणा राख्नुभयो । राष्ट्रपति पौडेलले नेपालमा विश्वकप ट्रफी ल्याई नेपाली क्रिकेट र जनताको उत्साह एवं आत्मविश्वास अभिवृद्धि गर्ने काम गरिएकामा अन्तरराष्ट्रिय क्रिकेट परिषद्प्रति धन्यवाद व्यक्त गर्नुभयो। उहाँले नेपालमा आयोजना हुन गइरहेको महिला विश्व कप छनोट प्रतियोगिता तथा भारत र श्रीलङ्कामा आयोजना हुन गइरहेको टी-२० विश्वकपमा सहभागी हुने महिला तथा पुरुष राष्ट्रिय क्रिकेट टोलीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना व्यक्त गर्नुभयो।

# त्रिवेणी कपको उपाधि पुनः एपिएफकै पोल्टामा

**पोखरापत्र संवाददाता**
लमजुङ, २१ पुस




जिल्लाकै ठूलो धनराशि पुरस्कारको ३३ औं त्रिवेणी कपको उपाधि पुनः साविक विजेता विभागीय सशस्त्र प्रहरी फुटबल क्लब एपिएफको पोल्टामा पुगेको छ।

त्रिवेणी युवा क्लब बैंसीसहरको आयोजनामा आज सम्पन्न फाइनल खेलमा ल्याङ्दी देवी फुटबल क्लब नाल्मा लमजुङलाई ०- २ गोल अन्तरले पराजित गर्दै विभागीय टोली एपिएफले उपाधि जितेको हो । गतवर्ष पनि एपिएफले नै उपाधि जितेको थियो । उपाधिसँगै रु १२ लाख नगद पुरस्कार, मेडल, ट्रफी प्राप्त गरेको आयोजक क्लबका अध्यक्ष टेकजङ्ग गुरुङले बताउनुभयो। उपाधिबाट चुकेको नाल्माले रु छ लाख नगद पुरस्कारमा चित्त बुझाएको छ।

एपिएफका खेलाडी युवराज खड्काले म्यान अफ दि म्याच घोषित हुँदै नगद रु १० हजार प्राप्त गरे । उत्कृष्ट गोल रक्षक एपिएफकै एन्जल श्रेष्ठ तथा सर्वोत्कृष्ट खेलाडी सन्तोष खत्री घोषित हुँदै जनही रु २५/२५ हजार प्राप्त गर्न सफल भए।

यस प्रतियोगितामा १६ टिमको सहभागिता रहेको थियो।

# दोस्रो राष्ट्रिय आर्थिक गणना गरिँद

**रासस**
काठमाडौं, २१ पुस

देशको समग्र आर्थिक अवस्थाको तथ्याङ्कीय माध्यमबाट यथार्थ चित्र प्राप्त गर्न सरकारले दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गर्ने भएको छ । राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यतालिका, लोगो र नारा सार्वजनिक गर्न आज आयोजित कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले आगामी वर्षको असारसम्म तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी गराएको हो।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी २०८२ चैत १ देखि २०८३ असार मसान्तसम्म देशैभर तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्य लिएको छ। कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डिराज लामिछानेका अनुसार गणनाबाट प्राप्त विवरणका आधारमा आर्थिक वर्ष २०८३/८४ को सुरु अवधिदेखि नै यसका नतिजाहरू क्रमशः सार्वजनिक गरिने छ । उहाँका अनुसार यो गणना मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने महत्त्वपूर्ण कार्यका रूपमा रहेको छ। राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी-सार्वजनिक संस्थाहरूको सङ्ख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गरिने मूल उद्देश्य लिइएको तथ्याङ्क अधिकारी लामिछानेको भनाइ छ। गणनाको उद्देश्य र महत्त्वबारे प्रकाश पार्दै प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखरेलले आर्थिक तथ्याङ्कको संस्थागत मजबुत आधार निर्माणमा यो गणनाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्द्धन र रोजगारी सिर्जनामा आवश्यक महत्त्वपूर्ण योगदान पुर्‍याउने र विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ। यो गणना देशको आर्थिक तथ्याङ्कको विश्वसनीय पद्धति विकासको आधारस्तम्भका रूपमा लिइएको छ।" यस गणनाका आधारमा देशको कुल गार्हस्थ्य उत्पादनका अनुमानहरू सुदृढीकरण गर्ने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने र सरकारले तय गर्ने नीतिनिर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको मापनमा सहयोग गर्ने अन्य उद्देश्य रहेका छन्। सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । उक्त तथ्याङ्कमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान/व्यवसायहरू गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिसहरू संलग्न रहेका पाइएको थियो । साथै प्रतिष्ठान/व्यवसायहरूमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरणहरू सार्वजनिक भएका थिए भने उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको सङ्ख्या बराबरी जस्तो रहेको देखाएको थियो। देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापहरूलाई अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुर्‍याएको योगदान मापन हुँदै आएको छ। यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन गरिनेछ । गणनामा देशैभर रहेका दर्ता भएका/नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार-व्यवसाय, गैरसरकारी सङ्घसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ । यद्यपि अन्तरराष्ट्रिय सङ्घसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकायहरू, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन।

# तनहुँमा पुरुषभन्दा महिला मतदाता बढी

**पोखरापत्र संवाददाता**
दमौली, २१ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार तीन सय ९७ मतदाता कायम भएका छन् ।

जिल्ला निर्वाचन कार्यालय तनहुँका अनुसार त्यसमध्ये पुरुषको सङ्ख्या एक लाख २३ हजार चार सय ९१ र महिलाको सङ्ख्या एक लाख ३० हजार नौ सय छ जना रहेको छ। जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जिल्लास्थित दश पालिकामध्ये सबैभन्दा बढी मतदाता व्यास नगरपालिकामा र सबैभन्दा कम मतदाता देवघाट गाउँपालिकामा रहेको जानकारी दिनुभयो । दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख ३६ हजार एक सय १८ र क्षेत्र नम्बर २ तर्फ एक लाख १८ हजार दुई सय ७९ मतदात कायम भएका छन् । क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिकारदेवघाटगाउँपालिका पर्दछ । क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिका पर्दछ ।उहाँका अनुसार व्यास नगरपालिकामा ५१ हजार तीन सय छ, भानु नगरपालिकामा ४२ हजार एक सय चार, शुक्लागण्डकी नगरपालिकामा ४० हजार तीन सय पाँच, भीमाद नगरपालिकामा २५ हजार तीन सय ११ मतदाता रहेका छन् । यस्तै आँबुखैरेनी गाउँपालिकामा १४ हजार ६२, देवघाट गाउँपालिकामा १२ हजार छ सय ४४, बन्दीपुर गाउँपालिकामा १६ हजार दुई, ऋषिङ गाउँपालिकामा १८ हजार सात सय ४४, घिरिङ गाउँपालिकामा १४ हजार छ सय १३, म्याग्दे गाउँपालिकामा १९ हजार तीन सय छ मतदाता रहेको लम्सालले बताउनुभयो।

जिल्लामा तीन सय नौ मतदान केन्द्र रहेको निर्वाचन अधिकारी लम्सालले बताउनुभयो । ऋषिङ गाउँपालिका-४ र ६ मा एक/एक मतदान केन्द्र रहेकामा थप एक/एक मतदान केन्द्र थप भएको छ। निर्वाचन कार्यालयले सञ्चालन गरेको मतदाता नामावली दर्ता अभियानका क्रममा सात हजार तीन सय ९३ नयाँ मतदाता थप भएको कार्यालयले जनाएको छ । निर्वाचनका लागि कार्यालयको आन्तरिक काम तीव्र गतिमा अगाडि बढेको लम्सालले बताउनुभयो।

# अण्डाको मूल्य घट्यो

**रासस**
चितवन, २१ पुस

अण्डाको मूल्य घटेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घले फार्महरूसँग लिएको मूल्यलाई एकीकृत गरी भोलिदेखि लागू हुने गरी अण्डामा प्रतिक्रेट रु ९० घटाएको जनाए हो । फार्ममा ठूलो अण्डा रु ५६५ प्रतिक्रेट (३० वटाको) पुगेको अण्डाको मूल्य घटेर रु ४७५ मा झरेको हो। यस्तै, मिडियम अण्डाको प्रतिक्रेट रु ५५० बाट रु ४६० मा झरेको सङ्घले जनाएको छ। सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार ठूला फार्म बाट दररेट लिएर समर्थन मूल्य तोकिएको हो। यससँगै उपभोक्ता मूल्य प्रतिगोटा रु २५ बाट रु २० मा झारिएको छ। बढ्दो जाडोसँगै उपत्यका र हिमाली भेगमा विद्यालय बन्द र गतिविधि कम भएको, पर्यटकको आगमन घट्दै गएको, अण्डाको मूल्य राम्रो पाइने आशामा कुखुरा बिक्री नगरी अण्डा उत्पादन गरिरहेकालगायत कारणले मूल्य घटेको हो।


## पुतलीबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### प्रगतिनगर, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## ठेक्का आव्हानको सूचना

पहिलो पटक प्रकाशित मितिः २०८२/०९/२२

१. पुतलीबजार नगरपालिका, प्रगतिनगर, स्याङ्जाले तपसिल वमोजिमका खरिद कार्यहरु अगाडि बढाउन योग्य बोलपत्रदाताहरुबाट इलेक्ट्रोनिक माध्यमबाट ठेक्का आव्हान गरेको छ ।

२. इलेक्ट्रोनिक माध्यमबाट आफ्नो ठेक्का पेश गर्न चाहने योग्य बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गई आवश्यक कागजात हेर्न, डाउनलोड गर्न र पेश गर्न सक्नुहुनेछ। ठेक्का कागजात खरिदका लागि नेपाल बैंकको राजस्व खाता नं.: ०७२०३०००००१००१००००००१ (राजस्व शिर्षक नं. १४२२९) मा तोकिएको रकम दाखिला गर्न सक्नुहुनेछ। ठेक्काको लागि बोलपत्र जमानत बैंक मार्फत दाखिला गर्न चाहने बोलपत्रदाताले नेपाल बैंकको धरौटी खाता नं.: Ga -३ -० ०७२०३०००००३००००००००१ मा जम्मा गर्न सक्नुहुनेछ।

३. सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ।

| क्र.स | ठेक्का नं | ठेक्काको विवरण | लागत अनुमान (भ्याट सहित) | जमानत रकम | ठेक्का फारम दस्तुर | ठेक्का बुझाउने अन्तिम मिति | ठेक्का जमानत म्याद |
|---|---|---|---|---|---|---|---|
| १. | 29/PM/NCB/GOODS/082/83 | Procurement of Maize Seeds for Putalibazar Nagarpalika | २५,४७,६८०.०० | ६५,०००.०० | ३००० | २०८२/१०/२२, १२:०० | सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम |

प्रमुख प्रशासकीय अधिकृत

# व्यवस्थित पदमार्ग निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ रानीपौवादेखि चमेरे जोड्ने परम्परागत पदमार्गमा झाँडीभित्र हिँड्नुपर्ने बाध्यता हटाउन व्यवस्थित पदमार्ग निर्माण सुरु गरिएको छ।

रानीपौवादेखि घोरेढुङ्गा हुँदै चमेरे आर्यघाट जोड्ने गोरेटोबाटो जङ्गलभित्र भिरालो र साँघुरो डोरोमा झाडीलाई पन्छाएर हिँड्नुपर्ने भएपछि ढलान गरी सिँढीसहितको पदमार्ग निर्माण सुरु गरिएको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा रघुगङ्गा गाउँपालिकाबाट विनियोजन भएको रु तीन लाख ५० हजार बजेटमा श्रमदान र सहयोग जुटाएर पदमार्ग निर्माण गर्न लागिएको रानीपौवा घोरेढुङ्गा चमेरे आर्यघाट पदमार्ग निर्माण उपभोक्ता समितिका अध्यक्ष तोरणबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाका प्राविधिकद्वारा लागत अनुमान तयार गरी विनियोजन भएको बजेटबाट १३२ मिटर पदमार्ग निर्माण गरिएको छ । चमेरेदेखि नै जङ्गलको झाडी फँडानी गरेर सोलिङ्गसहित ढलान गरी साढे एक मिटर फराकिलो पदमार्ग निर्माण गरिएको छ । पदमार्ग निर्माणमा स्थानीयवासीले श्रमदानसमेत गरेका छन् । मुख्यगरी गाउँमा दिवङ्गत भएकाहरूको अन्तिम संस्कारका लागि चमेरेस्थित कालीगण्डकी नदी किनारको आर्यघाटमा लैजानका लागि प्रयोग हुने यस गोरेटो बाटो पुनर्निर्माणका लागि देश तथा विदेशमा रहेका स्थानीयवासीले स्वेच्छिक रूपमा सहयोगसमेत जुटाउन थालेका छन् । रानीपौवादेखि घोरेढुङ्गा हुँदै चमेरे आउने र चमेरदेखि कालीगण्डकी नदी किनार जाने बाटोसमेत जोखिमपूर्ण रहेको र गाउँपालिकाबाट विनियोजन भएको बजेट अपुग हुने भएपछि देश तथा विदेशमा रहेका स्थानीयवासीबाट सहयोग जुटाएर थप पदमार्ग निर्माण गर्ने तयारीमा जुटेको उपभोक्ता समितिका अध्यक्ष कार्कीले जानकारी दिनुभयो । दुई सातादेखि दैनिक १२ देखि १५ जना पदमार्ग निर्माणमा खटिएका छन् । रानीपौवादेखि चमेरे हुँदै आर्यघाटसम्मको गोरेटोबाटोमध्ये करिब एक किलोमिटर बाटो भिरालो र साँघुरो भएकाले त्यसलाई स्तरोन्नतिसहित पक्की पदमार्ग बनाएर पुनर्निर्माण गर्नुपर्ने अवस्थामा छ । रघुगङ्गाको वडा नम्बर ३ रानीपौवाका साथै वडा नम्बर २ तल्लाघर र कोलमुनि बस्तीका स्थानीयले समेत दिवङ्गत भएकाहरूलाई यसै बाटो भएर आर्यघाटमा अन्तिम संस्कारका लागि लैजाने गर्छन् । यो पदमार्ग निर्माणले पूर्णता पाएमा गाउँमा दिवङ्गत भएकाहरूलाई अन्तिम संस्कारका लागि कालीगण्डकीस्थित आर्यघाट पुऱ्याउन सहज हुनेछभने गाउँमा उत्पादन भएको केरा, सुन्तलालगायतका कृषिजन्य उत्पादनलाई बिक्री-वितरण गर्नसमेत सहज हुने उपभोक्ता समितिका सचिव रामबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार, जङ्गलबाट घाँस दाउरा घरमा ल्याउन र बेनी-जोमसोम सडक खण्डको चमेरेदेखि छोटो दूरीमा रानीपौवागाउँ उक्लिन यो पदमार्ग उपयोगी हुनेछ । "अहिले गाउँमा दिवङ्गत भएकाहरूलाई घाटमा ल्याउन निकै कठिन छ, भिरालो र साँघुरो डोरोमा जोखिमपूर्ण तवरले हिँड्नुपर्छ, झाडीले बाटो ढाकिने भएकाले नियमितजसो झाडी फाँड्नुपर्ने बाध्यता छ," उपभोक्ता समितिका सचिव कार्कीले भन्नुभयो । यो पदमार्ग पुनर्निर्माण सम्पन्न भएमा चमेरेदेखि रानीपौवा, तल्लाघर हुँदै ऐतिहासिक भगवती कोत मन्दिर भएर पर्यटकीयस्थल रुइसे क्षेत्रसम्मको पदयात्रा गर्नका लागिसमेत प्रयोगमा आउनेछ ।

# मुस्ताङका दुई सरकारी 'मर्ज'

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ पुस

यहाँस्थित पर्यटन तथा उद्योग कार्यालय र सामाजिक विकास कार्यालय सोमबारदेखि एकापसमा 'मर्ज' भएका छन् ।

गण्डकी प्रदेश सरकारको गत साउनको निर्णयानुसार ती कार्यालय मर्ज भएका हुन् ।

यसअघि गण्डकी प्रदेश सरकारले एकै प्रकृतिका सेवा दिने कार्यालयहरुलाई एउटै कार्यालयका रुपमा स्थापना गरी एकीकृत सेवा प्रवाह गर्ने तथा प्रदेशको आर्थिक खर्चमा मितव्ययिता अपनाउने उद्देश्यले प्रदेशका सातवटा निर्देशनालय खारेज गरेको थियो । प्रदेशले ११ जिल्लामा रहेका ३२ वटा कार्यालयलाई घटाएर १७ वटामा सीमित गर्ने निर्णय गरेको थियो ।

यहाँस्थित उद्योग तथा पर्यटन मन्त्रालयअन्तर्गत रहेको पर्यटन तथा उद्योग कार्यालय र सामाजिक विकास तथा युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको सामाजिक विकास कार्यालय एकीकृत सेवा कार्यालयका रुपमा मर्ज भई सेवा सञ्चालन सुरु गरिएको कार्यालय प्रमुख निरपति दर्जीले जानकारी दिनुभयो ।

मर्ज भएसँगै पुरानो पर्यटन तथा उद्योग कार्यालय रहेको स्थानबाट एकीकृत सेवा कार्यालय सञ्चालनमा ल्याइएको प्रमुख दर्जीको भनाइ छ । यसैगरी यहाँ कृषि ज्ञान केन्द्र कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र पनि मर्ज भइसकेका छन् ।


## अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०९/२२ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८२/०३/१३ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८२/०४/१८ गते ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८२/०५ /०२ गते ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा ऋण चुक्ता नगरी बस्नु भएको हुँदा मिति २०८२/०५/१० गते अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ३५ दिने सूचना पोखरा पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको हालसम्म पनि ऋण तिर्न नआउनु भएको र धितो लिलाम बढाबढमा कोही कसैको पनि डाक नपरेको हुनाले पुन यो ७ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र हालसम्मको साँवा व्याज समेतको रकम दाखिला गर्नु होला अन्यथा सूचना प्रकाशित भएको मितिले ८ औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको तपशिलको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखि( दिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानतकर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ।

**तपसिल**

| ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|
| **नाम : सुरेन्द्रमणी पौडेल**<br>जन्म मिति : २०४३/०३/२६<br>ना.प्र.न. : ४६१४८९४१<br>जारी मिति : २०६१/०४/१३ कास्की<br>बावु : सूर्यमणी पौडेल<br>बाजे : देवी प्रसाद पौडेल<br>ठेगाना : लेखनाथ-६<br>हाल : पोखरा-२६,<br>सम्पर्क नं : ९८५६०२९३०८ |  | **नाम : सूर्यमणी पौडेल**<br>बाबु : देवी प्रसाद पौडेल<br>ठेगाना : साविक लेखनाथ-६<br>हाल : पोखरा-२६ |  |
| **धितो विवरण:** श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्की लेखनाथमामा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा वडा नं -८ स्थित कित्ता नं ३९९९ को क्षेत्रफल ०-९-३-२ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण। | | | |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबैभन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वमूले ब्यर्होनु पर्नेछ।
१२. सहकारी ऐन, संस्थाको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चलअचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**



## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८२/०९/२२**

यस नवीन बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित सदस्यले धन जमानी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा हर्जना समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत आफुले बुझाउनुपर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज एवम् हर्जना तथा अन्य दै-दस्तुर रकम बुझाउनु हुन यो सूचना जारी गरिएको छ । धन जमानत दिने सदस्यहरुमा समेत उक्त ऋणको दायित्व यथावत रहने हुदाँ निज ऋणी सदस्यको बचत लगायत शेयरबाट समेत उक्त ऋण असुलउपर नभएमा, धनजमानत दिने सदस्यहरुको समेत बचत र शेयरबाट सम्पूर्ण ऋण असुली गरिने साथै उक्त शेयर र बचतबाट समेत ऋण असुल उपर नभएमा यस संस्थाको ऋण नीति २०७९, विनियम तथा सहकारी ऐन, नियमावली अनुसारका साथै कानुनी प्रकृया मार्फत ऋणी र धनजमानत दिने सदस्यहरुबाट असुली प्रकृया अगाडि बढाई ऋण असुली गरिनेछ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम र ठेगाना | धन जमानत दिने सदस्यको विवरण |
|---|---|---|
| १. | **नाम : युदिप सुवेदी क्षेत्री ( सं.नं.९८६)**<br>ठेगाना : पोखरा-५, कास्की<br>बुवाको नाम : युक्त बहादुर सुवेदी<br>बाजेको नाम : याम बहादुर सुवेदी<br>नागरिकता नं.: ५१०१६९०१६१०<br>जारी मिति र स्थान : २०६९/१२/१९, पर्वत | **१) नारायण पराजुली (सं.नं.८७४)**<br>ठेगाना : लेखनाथ-१, कास्की<br>बुवाको नाम : जय नारायण पराजुली<br>बाजेको नाम : चेत भक्त पराजुली<br>नागरिकता नं.: ४६/३/००२/२९२<br>जारी मिति र स्थान :२०६३/१०/१०, कास्की |
| | | **२) अन्जना अधिकारी (सं.नं.१७९)**<br>ठेगाना : लेखनाथ-८, कास्की<br>बुवाको नाम : विष्णु प्रसाद अधिकारी<br>बाजेको नाम : बालु अधिकारी<br>नागरिकता नं.: ४६३६१<br>जारी मिति र स्थान : २०५३/०४/३१, कास्की |
| | | **३) हिरा देवी भण्डारी (सं.नं.१७५)**<br>ठेगाना : पोखरा-१७, कास्की<br>बुवाको नाम : पशुपति भण्डारी<br>बाजेको नाम : मार्कण्ड भण्डारी<br>नागरिकता नं.: ९८१३४<br>जारी मिति र स्थान : २०५६/०८/२४, कास्की |
| | | **४) देवी थापा**<br>ठेगाना : पोखरा-४, कास्की<br>श्रिमानको नाम : अब्दुल मजिद मिँया<br>ससुराको नाम : अब्दुल अजिज<br>नागरिकता नं.: ४१६९०<br>जारी मिति र स्थान : २०५४/०३/२९, नवलपरासी |
| २. | **नाम : पार्वती श्रेष्ठ (सं.नं.९४८)**<br>ठेगाना : पोखरा-५, कास्की<br>बुवाको नाम : नन्द लाल श्रेष्ठ<br>बाजेको नाम : जनक लाल श्रेष्ठ<br>नागरिकता नं.: १८३९<br>जारी मिति र स्थानः २०५०/०९/२२, बाग्लुङ | **१) नारायण पराजुली (सं.नं.८७४)**<br>ठेगाना : लेखनाथ-१, कास्की<br>बुवाको नाम : जय नारायण पराजुली<br>बाजेको नाम : चेत भक्त पराजुली<br>नागरिकता नं.: ४६/३/००२/२९२<br>जारी मिति र स्थान : २०६३/१०/१०, कास्की |
| | | **२) अन्जना अधिकारी (सं.नं.१७९)**<br>ठेगाना : लेखनाथ-८, कास्की<br>बुवाको नाम : विष्णु प्रसाद अधिकारी<br>बाजेको नाम : बालु अधिकारी<br>नागरिकता नं.: ४६३६१<br>जारी मिति र स्थान :२०५३/०४/३१, कास्की |
| | | **३) हिरा देवी भण्डारी (सं.नं.१७५)**<br>ठेगाना : पोखरा-१७, कास्की<br>बुवाको नाम : पशुपति भण्डारी<br>बाजेको नाम : मार्कण्ड भण्डारी<br>नागरिकता नं.: ९८१३४<br>जारी मिति र स्थान :२०५६/०८/२४, कास्की । |

**नवीन बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
NAVIN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
**पोखरा ४, गैह्रापाटन**
**फोन नं. ०६१-५७४१८३, ०६१-५७४१७८**